नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(.........................................................शाखा)
सामुदायिक विद्यालय व्यवस्थापन

पत्र संख्या :-
चलानी नं. :- २५३

सानोठिमी, भक्तपुर

मिति : २०७३/१२/२९

**विषय: कक्षा ११ र १२ को अनुमति तथा विषय थप सम्बन्धमा ।**

**श्री क्षेत्रीय शिक्षा निर्देशनालय,** ५

**श्री जिल्ला शिक्षा कार्यालय,** ७५

शैक्षिक सत्र २०७४ देखि कक्षा ११ र १२ को कक्षा थप तथा विषय थप गर्न चाहने विद्यालयहरूले तपसिलमा उल्लेख भएअनुसारका प्रक्रिया पुरा गरी यही **२०७४ साल बैशाख १५** गते भित्र सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनुहुन अनुरोध छ । सम्पूर्ण प्रमाण सहित तोकिएको मितिभित्र तोकिएको कार्यालयमा दर्ता नभएका निवेदन उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**(क) कक्षा ११ र १२ का कक्षा थपका लागि विद्यालयले पेस गर्नुपर्ने कागजातहरू**

१. स्थानीय तहको सिफारिस पत्र ।
२. अघिल्लो आ.व. को कर चुक्ता गरेको प्रमाण पत्र (संस्थागत विद्यालयको हकमा) ।
३. माग गरेको कक्षा भन्दा तल्लो कक्षा सञ्चालनको अनुमति पत्र ।
४. कम्पनी प्रबन्ध पत्र/ शैक्षिक गुठीको विधान र विद्यालयको विनियमावली (संस्थागत विद्यालको हकमा) ।
५. जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मका लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा (संस्थागत विद्यालयको हकमा) ।
६. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।
७. "सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित)" मा व्यवस्था भए अनुसारका प्रति विषय समूहका लागि कम्तीमा ५ जना सम्बन्धित विषयमा नै स्नातकोत्तर उत्तीर्ण गरेको शिक्षकको व्यवस्था गरी निजहरूको व्यक्तिगत विवरणसहितको फाइल ।
८. बुँदा नं. ७ अनुसारका शिक्षकहरूको कम्तीमा ३ वर्ष उक्त विद्यालयमा अध्यापन गर्ने कबुलियतनामा ।
९. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
१०. अघिल्लो शैक्षिक सत्रको SLC/SEE को Mark ledger को प्रतिलिपि ।
११. प्रयोगशाला चाहिने र प्रयोगशाला आवश्यक नपर्ने विषयहरूका लागि माथि तोकिएका पूर्वाधारसहित सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्देश्य पुरा गर्न आवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामग्रीहरूको उपलब्धता भएको देखिने कागजात ।

**(ख) विषय थपका लागि आवश्यक कागजात**

१. स्थानीय तहको सिफारिस पत्र
२. अघिल्लो आ.व. को कर चुक्ता गरेको प्रमाण पत्र (संस्थागत विद्यालयको हकमा)

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np

३. विषय थपका लागि सम्बन्धित कक्षा सञ्चालनको अनुमति पत्र ।
४. जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मका लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा (संस्थागत विद्यालयको हकमा) ।
५. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।
६. "सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित)" मा व्यवस्था भए अनुसारका प्रति विषय र प्रति विषय समूहका लागि सम्बन्धित विषयमा नै स्नातकोत्तर उत्तीर्ण गरेको थप शिक्षकको व्यवस्था गरी निजहरूको व्यक्तिगत विवरणसहितको फाइल ।
७. बुँदा नं. ६ अनुसारका शिक्षकहरूको कम्तीमा ३ वर्ष उक्त विद्यालयमा अध्यापन गर्ने कबुलियतनामा ।
८. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
९. प्रयोगशाला चाहिने र प्रयोगशाला आवश्यक नपर्ने विषयहरूका लागि माथि तोकिएका पूर्वाधारसहित सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्देश्य पुरा गर्न आवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामग्रीहरूको उपलब्धता भएको देखिने कागजात ।

**(ग) प्राविधिक धारतर्फको कक्षा ११ र १२ थप सम्बन्धमा**

प्राविधिक धार तर्फको कक्षा सञ्चालन गरिरहेका सामुदायिक विद्यालयहरूले कक्षा ११ र १२ को अनुमति लिन निम्न अनुसारको विवरण र कागजात पेस गर्नुपर्ने छ

१. स्थानीय तहको सिफारिस पत्र
२. विषय थपका लागि सम्बन्धित कक्षा सञ्चालनको अनुमति पत्र ।
३. जग्गा भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा ।
४. सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि ।
५. अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन ।
६. सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्देश्य पूरा गर्न आवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामग्रीहरूको उपलब्धता भएको देखिने कागजात ।
७. शैक्षिक सत्र २०७३ मा प्राविधिक धार तर्फको कक्षा १० र ११ को अलग अलग विद्यार्थी विवरण (न्यूनतम विद्यार्थी सङ्ख्या दुर्गम, पिछडिएको क्षेत्र र पहाडी जिल्लाको लागि १५ जना तथा काठमाण्डौ उपत्यका र तराईका जिल्लाका हकमा २० जना हुनुपर्ने)
८. प्रयोगशाला, पुस्तकालय, कम्प्युटर कक्ष तथा बाली विज्ञान र पशु विज्ञान विषयको हकमा फिल्डको उपलब्धता खुल्ने विवरण ।

**(घ) क्षेत्रीय शिक्षा निर्देशनालय र जिल्ला शिक्षा कार्यालयहरूले अपनाउने प्रक्रिया**

१. शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ४ सँग सम्बन्धित अनुसूची-३ बमोजिमको पूर्वाधार पुरा भए नभएको सम्बन्धमा जिल्ला शिक्षा अधिकारी वा निजले खटाएको अधिकृत कर्मचारीको स्थलगत निरीक्षणबाट विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार उपयुक्त भए नभएको तथा विद्यार्थी सङ्ख्याको हकमा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को अनुसूची ३ को (ठ) र (ड) मा जुनसुकै कुरा लेखिएको भएतापनि कक्षा ११ को अनुमति तथा विषय थपका लागि आवश्यक न्यूनतम विद्यार्थी सङ्ख्या प्रति कक्षा प्रति विषय समूह तोकिएका दुर्गम तथा पिछडिएका क्षेत्रमा १५ जना, पहाडमा २० जना एवम् काठमाण्डौं उपत्यका र तराईमा ३० जना हुनुपर्ने छ, तर विज्ञान विषय सञ्चालन गर्ने विद्यालयको हकमा दुर्गम पिछडिएको क्षेत्र र पहाडी जिल्लाका लागि न्यूनतम विद्यार्थी सङ्ख्या १५ जना तथा काठमाण्डौं उपत्यका र तराईका हकमा २० जना भए नभएको विषयमा किटानी रायसहितको स्थलगत प्रतिवेदन र जिल्ला शिक्षा समितिको सिफारिससहित **२०७४ जेष्ठ १** गतेभित्र क्षेत्रीय शिक्षा निर्देशनालयमा पुग्ने गरी पठाउनु पर्ने छ ।

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेबसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np

२. कक्षा ११ र १२ को पाठ्यक्रमले निर्दिष्ट गरेअनुसार विद्यालयले शिक्षक व्यवस्थापन गर्दा सम्बन्धित विषयमा नै स्नातकोत्तर उत्तीर्ण गरेको र "सामुदायिक उच्च माध्यमिक तह शिक्षक व्यवस्थापन निर्देशिका, २०७१ (संशोधन सहित)" मा व्यवस्था भएअनुसारको योग्यता भए नभएको यकिन गर्ने ।

३. प्रयोगशाला चाहिने र प्रयोगशाला आवश्यक नपर्ने विषयहरूका लागि माथि तोकिएका पूर्वाधारसहित सम्बन्धित विषयको पाठ्यक्रमले तोकेका उद्देश्य पुरा गर्न आवश्यक पर्ने शैक्षिक तथा व्यवस्थापकीय सामग्रीहरूको उपलब्धता भएको व्यहोरा खुल्ने जिल्ला शिक्षा अधिकारी वा निजले खटाएको अधिकृत कर्मचारीको स्थलगत निरीक्षण प्रतिवेदन संलग्न हुनुपर्ने छ ।

४. क्षेत्रीय शिक्षा निर्देशनालयले जिल्लाहरूबाट प्राप्त कक्षा अनुमति तथा विषय थप सम्बन्धी फाइल अध्ययन र आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी गराई सिफारिस सहित **२०७४ जेष्ठ १०** गते भित्र शिक्षा विभागमा आइपुग्ने गरी पठाउने ।

५. कक्षा थप तथा विषय थपका लागि आवेदन दिने विद्यालयहरूको सम्पूर्ण कागजात र प्रक्रिया पुरा भएका फाईल मात्र शिक्षा विभागमा पठाउने ।

नोट : कक्षा थप तथा विषय थपको अनुमतिका लागि आवेदन फाराम र कक्षा ११ र १२ को पाठ्यक्रम शिक्षा विभागको वेबसाइट www.doe.gov.np मा उपलब्ध छ ।

विष्णुप्रसाद अधिकारी
शाखा अधिकृत

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos.com.np